प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ६० ॥ २०८० चैत्र २३ गते शुक्रबार (5th Apr 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# चालकको लापरवाहीले अटो दुर्घटना बढ्यो

बिर्तामोड(प्रस)। बिर्तामोड ३ स्थित बिर्ताबजारमा दुई दिनअघि अटो दुर्घटना हुँदा बिर्तामोड ९ बस्ने ३६ वर्षीय भिमबहादुर तामाङको मृत्यु भयो । त्यस्तै ३१ वर्षीया सामना लिम्बू गम्भीर घाइते भइन् ।

बिर्तामोड नगरपालिका अगाडि तीव्र गतिका कारण अटो अनियन्त्रित भई सडकको डिभाइडरमा ठोक्किएको थियो । बिर्तामोड बजार क्षेत्रमा अटोरिक्साको संख्या बढेसँगै दुर्घटना पनि बढ्न थालेको हो ।

अटोका कारण दुर्घटना बढ्नुका साथै ट्राफिक व्यवस्थापनमा समेत समस्या थपिएको छ । यसैलाई मध्यनजर गर्दै बिहीवार बिर्ताबजारमा दुर्घटना न्यूनीकरण सचेतना कार्यक्रम तथा अटो चालकका समस्याका बारेमा अन्तरक्रिया गरिएको छ ।

बजारमा अटो सञ्चालनमा आएसँगै सर्वसाधारणको दैनिकी सहज भएपनि दुर्घटनाको जोखिम भने अत्यधिक देखिएको बिर्तामोड नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष मदन बुढाथोकीले बताए । कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष बुढाथोकीले




लापरवाही तरिकाले तीव्र गतिमा अटो चलाउँदा दुर्घटना भए चालकसहित यात्रुलाई क्षति हुने हुँदा चालकलाई सचेत हुन आग्रह गरे । उनले दैनिक जीवन गुजारा गर्न अटो चलाउने चालक दुर्घटनामा परे आर्थिक भारसंगै शारीरिक अंगभंग हुने तथा मृत्यु समेत हुने हुँदा सचेत बन्नु पर्ने धारणा राखे ।

पूर्वेली मजदुर यातायात प्रा.लि.को आयोजना तथा बिर्तामोड ३ नं वडा कार्यालयको समन्वयमा भएको कार्यक्रममा अटो रिक्सा चालकहरूले लापरबाहीका साथ अटो चलाउने, जथाभावी बाटो काट्ने र बीच सडकमै मोड्नेजस्ता कारणले गर्दा सडक दुर्घटना बढेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी सहायक निरीक्षक पूर्ण गौतमले बताए ।

कार्यक्रममा ट्राफिक सचेतना प्रदान गर्दै उनले चालकलाई ट्राफिक नियम पालना गरी संयमित भएर अटो चलाउन आग्रह गरे ।

सडक पहुँचको तुलनामा अधिक संख्यामा अटो रहेकाले ट्राफिक व्यवस्थापनमा समेत कठिनाइ भएको उनले बताए ।

पूर्वेली यातायात मजदुर प्रा.लि.का अध्यक्ष हरि बाँस्कोटाको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष बुढाथोकीसहित बिराट बहुउद्देश्यीय सहकारी संस्थाका प्रबन्धक रुद्र सिटौला, हिमालय इन्स्योरेन्सका सुशील थापाले मन्तब्य राखेका थिए । कार्यक्रममा स्थानीय युवा कोशिस घिमिरे, बिर्ताबजार प्रहरी चौकीका असई राजेश पौडेल, सभामुख देवराज घिमिरेका सचिवालय सदस्य हिमाल मैनालीलगायतको आतिथ्यता रहेको थियो । पूर्वेली यातायातका सचिव गणेश कोइरालाले सञ्चालन गरेको कार्यक्रममा स्वागत पूर्वेली यातायातका सल्लाहकार धनसिंह राजवंशीले गरेका थिए । कार्यक्रममा पूर्वेलीमा आबद्ध चालकलाई प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा १ सय बढी चालक सहभागी थिए ।

## कमलधापमा बुद्ध उद्यानको उद्घाटन

भद्रपुर(प्रस)। भद्रपुर २ स्थित धार्मिक तथा ऐतिहासिक समावेशी धाम कमलधापमा भगवान गौतम बुद्धको प्रतिमासहित उद्यानको उद्घाटन गरिएको छ ।

पदम छ्योलिङ गुम्बा परिसरमा लालबहादुर तामाङ पाखिन परिवारले निर्माण गरिदिएको उद्यानको भद्रपुर नगर प्रमुख गणेश पोखरेलले उद्घाटन गरेका हुन् ।

दाता परिवारका सदस्य जगतबहादुर तामाङ पाखिनले स्व. पिता माता राजमान र दरिमायाको स्मृतिमा बनाएको बुद्ध उद्यानले भद्रपुरको धार्मिक पर्यटन तथा नैतिकवान समाज निर्माणमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् ।

गुम्बा व्यवस्थापन समितिका अध्यक्ष डिबी लामाको अध्यक्षता तथा भद्रपुर नगर प्रमुख पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा लामा गुरू ज्ञानका लागि आयोजित ३ महिने गुफा लामा ज्ञान प्राप्ति तपस्याको समापनसमेत गरिएको थियो । भारत दार्जेलिङका लामा गुरू लोवेन पासाङ दोर्जेको प्रत्यक्ष रेखदेखमा ३ जना लामा गुरूसहित १७ जनाले लामा ज्ञानका लागि माघ ८ गतेदेखि चैत्र २२ गतेसम्म गुफालामा ध्यान, ज्ञान र तपस्या गरेका थिए । कार्यक्रममा लामा गुरू दोर्जेसहित गुम्बाका पूर्व अध्यक्ष विशाल थिङलगायतलाई सम्मान गरिएको थियो भने लामा ज्ञान प्राप्त गर्ने प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

मानबहादुर तामाङले सञ्चालन गरेको कार्यक्रममा भद्रपुर २ नम्वर वडाध्यक्ष रामबहादुर कँडेललगायतले शुभकामना मन्तव्य राखेका थिए ।

## नाबालिका बलात्कारको आरोपमा गोपाल लिम्बू पक्राउ



झापा(प्रस)। नाबालिका बलात्कारको आरोपमा कलाकार गोपाल एक्तेन पक्राउ परेका छन् । गत चैत १४ बुधवार राति ८ बजे बिर्तामोडको कोहिनूर होटलमा नाबालिकालाई बलात्कार गरेको आरोपमा इलाम माई नगरपालिका ६ बस्ने ४० वर्षीय गोपाल एक्तेन भनिने मेघराज लिम्बू पक्राउ परेका हुन् । उनलाई सोही राति बिर्तामोड ५ स्थित डेराबाट प्रहरीले पक्राउ गरेको हो ।

पीडितले उजुरी दिएपछि सोही राति नै पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ। इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएका एक्तेनको बारेमा अनुसन्धान भइरहेको स्रोतको भनाई छ । ठेक्कापट्टा गर्दै आएका एक्तेन नेपाल चलचित्रकर्मी महासंघ, प्रदेश १ का सचिव हुन् ।

## मुसुरोको आयात निर्यातभन्दा दोब्बर बढी

• लक्ष्मी उप्रेती,

मेचीनगर । सरकारले मुसुरो दाल निर्यातमा प्रोत्साहन गर्न भन्दै व्यवसायीलाई सहुलियत दिएपनि पूर्वीनाकाबाट मुसुरो दालको निर्यात खासै सन्तोषजनक छैन । सरकारले निर्यात प्रोत्साहनस्वरूप व्यवसायीहरूलाई ५ प्रतिशत सहुलियत दिने गरेको सरकारी अधिकारीहरुको भनाई छ ।

सरकारले व्यवसायीलाई निकासी सहुलियत प्रदान गरेपनि काँकरभिट्टा नाकाबाट हुने मुसुरो दालको निर्यात व्यापार खासै सन्तोषजनक नरहेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ । काँकरभिट्टा नाका भएर निर्यात हुने मुसुरो दाल हरेक वर्ष क्रमशः घट्दो क्रममा रहेको तथ्यांकले देखाएको छ ।

कुनै समय बंगलादेशसँगको व्यापारमा मुख्य हिस्सा ओगटेको मुसुरो (दाल) को निर्यात क्रमशः घट्दै जाँदा आयात भने दोब्बर बढिरहेको कार्यालयले जनाएको छ । कार्यालयका सूचना अधिकारी एवम् भन्सार अधिकृत गणपति कँडेलका अनुसार खासगरी अस्ट्रेलिया र भारतबाट मुसुरोको आयात भइरहेको छ । यी देशसहित क्यानडा, म्यानमारलगायतका मुलुकहरूबाट मुसुरो आयात हुने गरेको छ । नेपालले बंगलादेशमा मुसुरो दाल निर्यात गर्ने गरेको छ । सन् १९९७ जुन १ देखि काँकरभिट्टा-फूलबारी-बंगलाबन्द मार्ग सञ्चालन भएयता नेपालले बंगलादेशमा पहिले गहुँ र अहिले मुसुरो निर्यात गर्दै आएको छ ।

चालु आर्थिक वर्ष २०८०-०८१ को पहिलो आठ महिनामा काँकरभिट्टा नाका भएर ४४ करोड ११ लाख ९८ हजार ८ सय ६१ रुपैयाँ बराबरको ४४ लाख ११ हजार ७ सय ७९ केजी मुसुरो दाल नेपाल



भित्रिएको छ । चालु आवको साउनदेखि फागुन महिनाको अन्त्यसम्म अस्ट्रेलियाबाट ३४ करोड १३ लाख ८६ हजार ९ सय ४० रुपैयाँ बराबरको ३५ लाख २५ हजार ७ सय २० केजी र भारतबाट ९ करोड ९८ लाख ११ हजार ९ सय २० रुपैयाँ बराबरको ८ लाख ८६ हजार ५९ केजी मुसुरो दाल चालु आर्थिक वर्ष २०८०-०८१ को पहिलो आठ महिनामा काँकरभिट्टा नाका भएर अस्ट्रेलियाबाट नेपालले आयात गरेको हो ।

चालु आर्थिक वर्ष २०७९-०८० को पहिलो आठ महिनामा काँकरभिट्टा नाका भएर अस्ट्रेलियाबाट ३५ करोड ९९ लाख ५९ हजार ५५ रुपैयाँको ३५ लाख ६२ हजार ४ सय ३० केजी र भारतबाट १० करोड ७२ लाख ९ हजार ८ सय ३० रुपैयाँ बराबरको १० लाख९ हजार १ सय ९० केजी गरी कुल ४६ करोड ७१ लाख ६८ हजार ८ सय ८५ रुपैयाँ बराबरको ४५ लाख ७१ हजार ६ सय २० केजी मुसुरो दाल आयात गरिएको सूचना अधिकारी कँडेलले जानकारी दिए ।

'मुसुरोको निर्यात आयातको तुलनामा दोब्बरबढी देखिन्छ,'कँडेलले भने, 'मुसुरोको आयात बढ्ने क्रममा छ ।' उनका अनुसार विगतमा मुसुरोको आयात ज्यादै न्यून थियो । केही वर्षयता आयात बढ्न थालेको छ । निर्यात क्रमशः घट्न थालेको छ । चालु आवको यहि अवधिमा नेपालले १३ करोड १५ लाख ८९ हजार ७ सय ८२ रुपैयाँको ९ लाख २ हजार ७ सय केजी मुसुरो दाल बंगलादेश निर्यात गरेको छ । यसअघिको आवको आठ महिनामा २६ करोड४९ लाख ८६ हजार ७ सय ३२ रुपैयाँ बराबरको १८ लाख ६ हजार ८ सय २४ केजी मुसुरो दाल निर्यात गरेको देखिन्छ । 'मुसुरोको आयात अझै बढ्न सक्ने देखिन्छ । तर, निर्यात बढ्ने भन्दा पनि घट्ने सम्भावना बढी छ ' एकजना व्यवसायीले भने ।

मुसुरोको घट्दो निर्यातले नेपाल-बंगलादेशबीचको व्यापारमा समेत प्रत्यक्ष असर पुगेको उनको भनाई छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

## श्रीमानद्वारा खुकुरी प्रहार गरी श्रीमतीको हत्या



झापा(प्रस)। झापाको बाह्रदशी १ मा बिहीवार बिहान श्रीमानले खुकुरी प्रहार गरी श्रीमतीको हत्या गरेका छन् । बिहान ६.३० बजेको समयमा बाह्रदशी १ का ३३ वर्षीय देवनारायण राजवंशीले घाँटीमा खुकुरी प्रहार गरी श्रीमती ३३ वर्षीया ममसरी राजवंशीको हत्या गरेका हुन् ।घटनापछि खुकुरीसहित राजवंशीलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय राजगढका सई राजेन्द्र शर्माले बताए । राजवंशी वैदेशिक रोजगारीका लागि ओमन गएका थिए । उनी विदामा चार दिनअघि मात्र घर आएका थिए । श्रीमती परपुरुषसंग लागेको भन्दै राजवंशीले खुकुरी प्रहार गरेको बताइएको छ ।मृतक दिव्यज्योति मावि राजगढमा शिक्षण पेशामा आवद्ध रहेकी थिइन् ।

## उपनिर्वाचनः अन्तिम मतदाता नामावली प्रकाशन




झापा(प्रस) । नेपाल वायुसेवा निगमको वाइडबडी दुई जहाज खरिद गर्दा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वपर्यटनमन्त्री जीवनबहादुर शाही, पूर्वसचिवद्वय शिशिरकुमार ढुंगाना र शंकर अधिकारी, वायुसेवा निगमका तत्कालीन प्रमुख सुगतरत्न कंशाकारसहित ३२ विरुद्ध मुद्दा दायर गरेको छ ।

त्यसमध्ये २४ जना नेपाली, ६ जना विदेशी नागरिक र दुई आपूर्तिकर्ता कम्पनी प्रतिवादी रहेको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए ।जहाज खरिद प्रक्रिया सामेल तत्कालीन पदाधिकार ीसहितलाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरिएको हो । करिब १ अर्ब ४७ करोड ८५ लाख ५ हजार ४ सय ८२ रुपैयाँ हानीनोक्सानी गरेको अभियोग

❖ बाँकी अन्तिम पृष्ठमा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समयः प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समयः दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समयः दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समयः दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समयः दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समयः दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरुदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समयः प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समयः प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समयः प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# एमालेको नयाँ नेतृत्वद्वारा सपथ ग्रहण



झापा(प्रस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले) झापाको ११ औं जिल्ला अधिवेशनबाट सर्वसम्मत चयन भएको १४९ सदस्यीय कमिटीले सपथ ग्रहण गरेको छ ।

जिल्ला पार्टी कार्यालय बिर्तामोडमा बिहीवार आयोजित कमिटी घोषणा तथा सपथ ग्रहण कार्यक्रममा पदाधिकारी, सदस्यहरु र लेखा समितिका पदाधिकारी सदस्यहरुले सपथ ग्रहण गरेका हुन् । उनीहरुलाई निर्वाचन अधिकृत टंक दंगालले सपथ गराएका थिए । निर्वाचन अधिकृत दंगालले पार्टीको ११औं जिल्ला अधिवेशनबाट अध्यक्षमा प्रेमबहादुर गिरीसहित सबै पदमा निर्विरोध निर्वाचित १४९ सदस्यीय कमिटीको घोषणा गरेका थिए । उपाध्यक्षमा शिव ढुंगेल, सचिवमा तुलसी कार्की, उपसचिवमा असारु राजवंशी र अनिता कन्दङ्वा निर्विरोध निर्वाचित भएको घोषणा गरिएको छ ।

पाँच पदाधिकारी , १५ वटा पालिकाबाट एक सय १०, खुला सदस्य १५, आदिवासी जनजातिबाट पाँच, दलितबाट पाँच, अल्पसंख्यक मधेसीबाट तीन, मजदुरबाट पाँच र अपाङ्गबाट एक गरी एक सय ४९ जना सर्वसम्मत चयन भएका हुन् । १० प्रतिशतलाई पार्टीको पहिलो बैठकले मनोनित गर्ने छ ।

घोषणा तथा सपथ ग्रहण कार्यक्रममा नेताहरु हिक्मत कार्की, बिशाल भट्टराई, देवेन्द्र दाहाल, रविन कोइराला, रोमनाथ ओली, जसमाया जगमेर, इन्द्र भण्डारी, मेनुका काफ्ले, जलवर्षा राजवंशीलगायतले मन्तव्य राखेका थिए । अधिकांश नेताहरुले झापाले सर्वसम्मत गरेर देशव्यापी रुपमा सकारात्मक सन्देश दिएको बताएका थिए । झापामा सर्वसम्मत गरेर एकताको सन्देश दिएको नेताहरुको भनाई थियो ।

नवनिर्वाचित अध्यक्ष गिरीले प्रतिबद्धता मन्तव्य राख्दै जिल्ला कमिटी जिम्मेवारपूर्वक लाग्ने बताए ।जिल्ला अधिवेशन चैत १५ गतेबाट सुरु भएको थियो । अधिवेशनको उद्घाटन एमाले अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओलीले गरेका थिए ।

# इलामका महिलाद्वारा 'सेनिटरी प्याड' उत्पादन

झापा(प्रस)। इलाम सदरमुकाममा सेनिटरी प्याड उत्पादन सुरु भएको छ । इलाम नगरपालिकाको आर्थिक सहयोगमा नारी शक्ति नेपालले सञ्चालन गरेको उद्योगबाट दैनिक तीन सय प्याकेट प्याड उत्पादन भइरहेको संस्थाकी सचिव खिनु बस्नेतले जानकारी दिइन् ।

उनले उद्योगमा महिलालाई रोजगारीको व्यवस्था गरिएको बताउँदै भनिन्, "कूल रु २५ लाख लागत रहेको हाम्रो उद्योगलाई नगरपालिकाले तीन लाख २० हजार अनुदान दिएको छ । दश लाख ऋण लिएका छौँ । बाँकी सबै संस्थाको लगानी हो ।"बुधबार एक औपचारिक कार्यक्रमका बीच नगर प्रमुख केदार थापाले उद्योगको उद्घाटन गरे । महिलाका समस्या समाधानमा नगरपालिका गम्भीर रहेको बताउँदै नगर प्रमुख थापाले उद्योगले महिलालाई रोजगारीको अवसर सिर्जना गर्ने र यहाँको आवश्यकता यही उत्पादनले धान्ने विश्वास व्यक्त गरे ।

"अहिलेकै उत्पादनले परिपूर्ति नहोला तर, उत्पादनमा वृद्धि गरेर 'प्याड'मा इलामलाई आत्मनिर्भर बनाउने कुरामा सफलता मिल्छ भन्नेमा ढुक्क छु", उनले भने, "महिलाले उद्योग सञ्चालन गरेको कुराले समाजमा सकारात्मक सन्देश प्रवाह भएकोमा खुसी छु ।" उक्त उद्योगले हाल 'ब्रान्डिङ, प्याकेजिङ, लेवलिङ'को काम गरिरहेको संस्थाकी अध्यक्ष बबिता लिङ्देनले जानकारी दिइन् । उद्योगमा बजारको अवस्था हेरेर उत्पादनका सबै काम गरिने उनले बताइन् । उनका अनुसार उद्योगमा अहिले दुई जना महिला कार्यरत छन् ।

# निःशुल्क आँखा शिविरमा चार सयबढीले सेवा लिए

शिवसताक्षी(प्रस)। झापा शिवसताक्षीको दूधेमा रहेको आदर्श बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा एकदिने निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । शिवसताक्षी ४ जनतास्थित वडा कार्यालयमा संचालित शिविरमा शिवसताक्षीका दक्षिणी क्षेत्रका ४१५ जनाले सेवा लिएका छन् । जसमा मोतिया विन्दु भएका १६ जनालाई निःशुल्क अपरेशनका लागि मेची शिविरको उद्घाटन गर्दै शिवसताक्षी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृतबहादुर राईले शिविरबाट भरपूर सेवा लिन नागरिकलाई आग्रह गरे । शिवसताक्षीका दक्षिणी क्षेत्रमा बढीजसो आदिबासी समुदाय बसोबास गर्ने भएकाले दक्षिणी क्षेत्रमा शिविर आयोजना गरिएको उनले बताए । शिवसताक्षी नगरपालिका वडा नं. ४ का



आँखा अस्पताल लगिने आदर्श बचत तथा ऋण सहकारी संस्थाले जनाएको छ । शिवसताक्षी वडा नं. ४, ५, ६ का बासिन्दालाई लक्षित गरी शिविर सञ्चालन गरिएको सहकारीका व्यवस्थापक प्रकाश पोखेलले जनाकारी दिए । मेची आँखा अस्पतालको प्राविधिक सहयोग रहेको शिविरमा निःशुल्क औषधि तथा १४७ जनलाई चस्मा वितरण गरिएको थियो ।

वडाध्यक्ष विष्णु प्रसाईले आदिबासी समुदायका नागरिकहरु आँखा नदेख्ने अवस्थामा पुगेपछि मात्र उपचारका लागि जाने गरेको बताए । स्थानीय स्तरमै शिविरको आयोजना गर्दा त्यसको प्रभावकारिता बढी हुने उनको भनाई थियो । शिविरमा शिवसताक्षी नगरपालिकाका लेखा प्रमुख प्रकाश योङहाङ, कार्यपालिका सदस्य यशोदा विमलीलगायतको उपस्थिति रहेको थियो ।

**उपनिर्वाचन...**

उनीहरूमाथि मुद्दा दायर गरिएको हो ।

यो प्रकरणमा बहालवाला सहसचिव बुद्धसागर लामिछाने पनि अभियुक्त बनाइएका छन् । उनी पर्यटन मन्त्रालयका सहसचिव हुन् ।

वायुसेवा निगमका तत्कालीन सञ्चालक समितिका सदस्यहरू टेकनाथ आचार्य, नीमानुरु शेर्पा,ऋषिराम पाण्डे, अच्युतराज पहाडी, जीवनप्रकाश सिटौला र निगमका तत्कालीन निर्देशक रमेशबहादुर शाह लगायत पनि प्रतिवादी छन् ।

पूर्वमन्त्री शाही कर्णाली प्रदेश सभाका सांसद र पूर्वमुख्यमन्त्री समेत हुन् । उनी पुष्पकमल दाहाल दोस्रो पटक प्रधानमन्त्री हुँदा कांग्रेसबाट पर्यटनमन्त्री बनेका थिए ।यो प्रकरणको अनुसन्धानमा तानिएका पूर्वमन्त्रीहरू जितेन्द्रनारायण देव र दिलनाथ गिरीको भने संलग्नता पुष्टि नभएकाले अभियोग दायर नभएको अख्तियारले जनाएको छ ।

**सहकारीको...**

रहँदा नियमन पक्ष कमजोर भएको सो पार्टीले सरकारलाई बुझाएको ध्यानाकर्षण पत्रमा लेखेको छ ।

सहकारी क्षेत्रको नियमन, प्रतिवेदन र तथ्याङ्क एकरुपता नभएको एवं स्थानीय तह र प्रदेशमा सहकारी नियमनको क्षमतामा र प्रभावकारिता नभएको, सहकारीका विषयमा राजनीतिक दल एवं राज्यको दृष्टिकोण पनि अस्पस्ट र अदूरदर्शी रहेको, समग्र सहकारी क्षेत्रको ठूलो हिस्सा वित्तीय कारोवार गर्ने हुँदा नियमनका लागि पैरवी गर्ने र स्वनियमनका विधिहरु निमार्ण एवं कार्यान्वयनका सन्दर्भमा सहकारी अभियानको पनि कमजोरी रहेको एमालेले जनाएको छ ।

सरकारले स्थानीय आवश्यकताको मूल्याङ्कन नगरी रातारात सहकारी संस्था दर्ता गर्ने, बचत ऋणको कारोबार गर्ने संस्थाको देशभर कार्यक्षेत्र स्विकृती दिने र अप्राकृतिक ढंगले एकीकरण गरिएको साथै कर्मचारीहरु नै अवान्छित कृयाकलापमा सामेल भएको पाइएको एमालेको बुझाई छ ।

सहकारिताको आधारभूत चरित्र र मूल्य, मान्यता एवाम् सिद्धान्त र कानुनका बारेमा शिक्षा, सूचना, प्रचारमा कमि भएकोले अभ्यासमा त्रुटी रहेको ठहर गर्दै एमालेले संस्थाका सञ्चालक तथा कर्मचारीको अनियन्त्रित र असान्दर्भिक कार्यशैली, जीवनशैली रहेको र सदस्यको बचत व्यक्तिगत हितका लागि प्रयोग गरेकोसमेत पाइएको जनाएको छ ।

सहकारी ऐनले व्यवस्था गरेको सहकारी ऋण असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्रको स्थापना, बचत तथा ऋण सुरक्षण कोष स्थापना र कार्यान्वनका सन्दर्भमा सरकारको उदासिनता देखिएको, सहकारी क्षेत्रको संख्या र कारोबार विस्तारित भएअनुरुप सहकारी विभागको व्यवसायिक क्षमता विकास गर्न सरकारले आवश्यक चासो नदेखाएको एमालेले सरकारलाई बुझाएको ३९ बुँदे ध्यानाकर्षण पत्रमा उल्लेख छ । सरकारले सहकारी क्षेत्रलाई संरक्षण, प्रवर्द्धन र विकास होइन प्रहारको निसाना र आक्रमणको केन्द्र बनाउँदै आएकोले सहकारी क्षेत्रले नै असुरक्षित महशुस गरेको एमालेले जनाएको छ ।

सहकारी माथि भइरहेको यस्तो असुरक्षाले ग्रामीण तथा शहरी अर्थतन्त्रमा निष्ठावान सहकारीले पुर्‍याएको योगदानको अवमूल्यन भई धराशायी हुने र सहकारी क्षेत्रको सम्भावना संकुचित भई संविधानले गरेको तीन खम्बे अर्थव्यवस्था प्रणाली असफल हुने अवस्था आएको छ । तीन खम्बे अर्थनीति समाजवादको आधार भन्ने अर्थराजनीतिको भाष्य कमजोर भई राज्यले समृद्धि र सामाजिक न्याय स्थापना नभई संविधान सभावाट प्राप्त उपलब्धि भत्किने खतरासमेत बढ्दै गएको सो पार्टीले जनाएको छ ।

वास्तविक दोषीलाई यथाशीघ्र कार्वाही गरी बचतकर्ता सदस्यको सुरक्षाको प्रत्यभूति गर्नुपर्ने, कारोबारको प्रकृति, सीमा तथा भौगोलिक क्षेत्रका आधारमा सहकारी संस्थाको नियमन सम्बन्धी व्यवस्थामा परिमार्जन गरी उत्पादन र सेवा सहकारीलाई प्रवर्द्धन, परिपूर्ति र विकास गर्नुपर्छ भने वित्तीय सहकारीको प्रभावकारी नियमन गर्नुपर्ने एमालेले आवश्यकता ठानेको छ ।

**निश्कर्ष :**

अहिले सहकारी संस्थामा समस्या आउनुको मुख्य कारण भनेको सहकारी संस्थाले गरेको घर जग्गामा लगानी, नियामक निकायले अनुगमन गर्न नसक्नु, सहकारी संचालकहरुको दक्षता क्षमता नहुनु र दीर्घकालमा संस्थालाई कसरी अघि बढाउने भन्ने योजना नहुनु, सहकारीमा सञ्चालक समिति एवं ब्यवस्थापनका ब्यक्तिहरुमा स्वार्थ हावी भएर आफ्नो एकाघरका परिवारको सदस्यको नाममा लगानी गर्नु तथा निजी कम्पनीमा लगानी गर्नु आदि रहेका छन् ।

सहकारीमा सुरक्षा खतरा बढ्नुका कारण यति मात्रै होइनन् । सहकारीमा समस्या सहकारीको वित्तीय स्थिति नियमित रुपमा परीक्षण नहुनु पनि हो । सहकारीको सुशासन र आन्तरिक नियन्त्रण प्रणाली कमजोर, दक्ष कर्मचारी अभाव, सहकारीका सञ्चालक तथा व्यवस्थापक र कर्मचारीलाई समय सापेक्ष तालिमको ब्यवस्थापन नहुनु र अनुहार हेरेर, नातागोता हेरेर धितो नै नराखी ऋण दिँदा सहकारीमा वित्तीय पारदर्शिताको पनि समस्या देखिएको हो । जसकारण देशभरका लाखौ बचतकर्ताको सडकमा बास भएको छ । ती लाखौ बचतकर्ताले जीवनभर दुःख गरेर कमाएको पैसा नपाउँदा आँखाबाट बगेको आँशु पुछ्नका लागि पनि अभियानले गम्भीर भएर लाग्नुको विकल्प छैन ।

# झापा स्पोर्टस् अवार्डको लागि खेलप्रतिभा सार्वजनिक

बिर्तामोड(प्रस)।'झापा स्पोर्टस् अवार्ड २०७९' को मनोनयनमा परेका खेलप्रतिभा सार्वजनिक गरिएको छ ।

बिहीबार बिर्तामोडमा पत्रकार सम्मेलन गरेर नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) जिल्ला समन्वय शाखा झापाले अवार्डको पाँचौं संस्करणको मनोनयनमा परेका पाँच विधाका खेल प्रतिभा सार्वजनिक गरेको हो ।

'झापा स्पोर्टस् अवार्ड' पाँचौं संस्करणका लागि विभिन्न पाँच विधाका प्रत्येक विधामा तीन-तीनजना र तीन विधामा छनोट समितिले प्रतिभाको लोकप्रियताको आधारमा एक-एकजना सिधै छनोट गरेको प्रतिभा छनोट समितिका संयोजक चिरञ्जीवी घिमिरेले जानकारी दिए ।

वर्ष उत्कृष्ट खेलाडी (पुरुष) मा रोशन मगर (आइटिएफ तेक्वान्दो), प्रारम्भ भण्डारी (पौडी) र अनन्त तामाङ (फुटबल), वर्ष उत्कृष्ट खेलाडी (महिला) मा त्रिशा जवेगू (बक्सिङ), अनुजा कुलुङ राई (कबड्डी) र सिक्का सुवाल श्रेष्ठ (टेबल टेनिस) रहेका छन् ।

त्यस्तै, वर्ष उत्कृष्ट खेलाडी (युवा) मा प्रारम्भ भण्डारी (पौडी), कृतिसरा अधिकारी (बुद्धिचाल) र योगिता काम्बाङ (आर्चरी), पिपल्स च्वाइस खेलाडीमा रुविना क्षेत्री (क्रिकेट), विनिता बुढाथोकी (भलिबल) र सुस्मिता राई (बक्सिङ) र वर्ष उत्कृष्ट प्रशिक्षकमा डम्बर लिम्बू (बक्सिङ), नविन तामाङ (आइटिएफ तेक्वान्दो) र भूपेन्द्र निरौला (बुद्धिचाल) रहेका छन् ।

वर्ष खेलाडी पुरुष र महिलालाई जनही नगद एक लाख र ट्रफी, वर्ष खेलाडी (युवा) लाई नगद २५ हजार र ट्रफी, पिपल्स च्वाइस खेलाडीलाई नगद २५ हजार र ट्रफी, वर्ष उत्कृष्ट प्रशिक्षकलाई नगद २५ हजार र ट्रफी प्रदान गरिने मञ्चका अध्यक्ष इन्द्रजीत मुखियाले जानकारी दिए ।

त्यस्तै, स्पेशल अचिभमेन्ट अवार्डका खेल प्रतिभालाई नगद २५ हजार र ट्रफी, उत्कृष्ट खेल पत्रकारलाई नगद ३५ हजार र ट्रफी र लाइफ टाइम्स अचिभमेन्ट अवार्डस्वरुप एकजनालाई नगद ५० हजार र ट्रफी प्रदान गरिनेछ । स्पेशल अचिभमेन्ट, उत्कृष्ट खेल पत्रकार र लाइफ टाइम्स अचिभमेन्ट अवार्डका प्रतिभाको नाम अवार्डको दिन घोषणा गरिनेछ ।

पिपल्स च्वाइस खेलाडीको विजेताको छिनोफानो भने एनएसजेएफ झापाको आधिकारिक फेसबुक पेजमा गरिने भोटिङबाट गरिनेछ ।

'झापा स्पोर्टस् अवार्ड' को पाँचौं संस्करण यही चैत २९ गते बिहीबार बिर्तामोडको बिर्तामोड सिटी सेन्टरस्थित साई पार्टी प्यालेसमा हुनेछ । अवार्डमा २०७९ सालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त झापा जिल्लाका खेलाडी र प्रशिक्षकलाई मञ्चले सहभागी गराएको कार्यक्रम संयोजक हिमाल खरेलले जानकारी दिए ।

**मुसुरोको...**


कृषिजन्य वस्तु भएकाले दाल निकासीमा नेपाल सरकारले भ्याट छुट दिएको छ । तर, व्यवसायीहरूले मुसुरो दाल निर्यातका क्रममा अनिवार्य रुपमा खाद्य प्रयोगशालाको सिफारिस पेश गर्नुपर्ने भन्सार अधिकारीहरू बताउँछन् । व्यवसायीले खाद्य प्रयोगशालाको सिफारिस पेश गरेपछि निकासी महशुलवापत प्रति एसेसमेन्ट १ सय १३ रुपैयाँबाहेक अन्य रकम बुझाउनु नपर्ने भन्सारले जनाएको छ । तेस्रो मुलुकबाट आयात भएको दालमा कृषि छुटमा १० प्रतिशत महशुल बुझाउनुपर्छ । नेपालमा उत्पादित मुसुरो दालको माग बंगलादेशमा अत्यन्तै भएपनि माग अनुसार पूर्ति गर्न नसकिएको नेपाली सरकारी अधिकारीहरूको भनाई छ ।




## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौ ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौ ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाउँ ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा नगरौ ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौ ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौ ।
- सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# वाइडबडीका दोषीमाथि कार्वाही गर

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले वाइडबडीको फाइल खोलेको छ । दुईवटा वाइडबडी जहाज खरिदमा व्यापक भ्रष्टाचार भएको दावी अख्तियारको छ। आयोगले उक्त विमान खरिदमा १ अर्ब ४७ करोड १० लाख ५० हजार ४८२ रुपैयाँ भ्रष्टाचार भएको ठहर गर्दै तत्कालीन मन्त्री,नेपाल वायुसेवा निगमका कर्मचारी/पदाधिकारीसहित ३२ जनाविरुद्ध मुद्दा बिहीवार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेले वाइडबडी जहाज खरिदमा भ्रष्टाचार गरेको आरोपमा तत्कालीन संस्कृति,पर्यटन तथा नागरिक उड्यन मन्त्री जीवनबहादुर शाही,नेपाल वायुसेवा निगमका महाप्रबन्धक एवं सञ्चालक समितिका सदस्य सुगत कंसाकरसहित ३२ जनाविरुद्ध बिहीवार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो।

वाइडबडी खरिदमा नेपाल वायुसेवा निगमका महाप्रबन्धकसमेतको मिलेमतोमा अनियमितता भएको उजुरी परेको थियो। सोही उजुरीका आधारमा अनुसन्धान हुँदा वाइडबडी खरिदमा १ अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको ठहर छ। तत्कालीन पर्यटनमन्त्री हाल कर्णाली प्रदेशका प्रदेशका प्रदेशसभा सदस्य शाहीले विमान खरिद ऐन २०६३ र सो अन्तरगत बनेको सार्वजनिक खरिद नियमावली २०६४ समेतको विपरीत रहेको तथ्यलाई अनदेखा गरी नेपाल वायुसेवा निगमलाई गैरकानुनी हानी पुर्‍याउने बदनियतसाथ कानुन विपरीत काम गरेको भन्दै उनीविरुद्ध १ अर्ब ४७ करोड १० लाख ८५ हजार ४८२ रुपैयाँ विगो माग र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजायको माग गरिएको छ।

निगमका तत्कालीन महाप्रवन्धक एवं सञ्चालक समितिका सदस्य कंसाकारमाथि सार्वजिनक खरिद ऐन २०६३ ले निर्धारण गरेका कार्यविधिअनुसार काम नगरेको,विमानको प्राविधिक स्पेसिफिकेसन र सोलाइ मापन गर्ने स्पष्ट मापदण्ड नखुलाएको र कार्यविधि विपरीत लागत इष्टिमेट अस्वाभाविक रुपमा बढाएर लागत अनुमान तयार गराएको आरोप छ। उनले प्रस्तावदाताका प्रतिनिधिसँगको मिलेमतोमा विमानको मेजर टेक्निकल स्पेसिफिकेसन भारवहन क्षमतालाई २४१ टन्सबाट २३० टन्समा घटाइ विमानलाई लङ रेन्ज नन स्टप फ्लाइट गर्न असक्षम बनाइ रकम भुक्तानी दिएको आरोपपत्रमा उल्लेख छ।

यसैगरी संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका तत्कालीन सचिव एवं नेपाल वायुसेवा निगमका तत्कालीन संचालक समिति अध्यक्ष शंकरप्रसाद अधिकारीले वाइडबडी विमानलाई लङ रेन्ज नन स्टप फ्लाइट गर्न अक्षम बनाउनमा भूमिका खेलेको,आपूर्तिकर्ताका प्रतिनिधिसँगको मिलेमतोमा कानुनविपरीत बढी भुक्तानी दिई १ करोड ३३ लाख ६८ हजार १०९ रुपैयाँ भ्रष्टाचार गरेको ठहर गर्दै मुद्दा दायर गरेको अख्तियारले जनाएको छ। वाइडबडीमा भ्रष्टाचार गरेको चर्चा निकै अगाडि देखिको हो । तर, कार्वाही भएको थिएन ।अख्तियारले हिम्मत गरेको छ । दोषीमाथि कार्वाही होस् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# व्यवहारमा समानुपातिक प्रणाली



• रामनारायण देव

संसदीय लोकतन्त्र विश्वको सबैभन्दा राम्रो व्यवस्था मानिएको छ । यसमा बढीभन्दा बढी जनप्रतिनिधिको सहभागिता हुन्छ । यसलाई समावेशीको सिद्धान्त पनि भनिन्छ । निर्वाचनको तीन वटा पद्धति हुन्छन् । एउटा प्रत्यक्ष निर्वाचन; जसमा सबभन्दा बढी मत ल्याउने विजयी हुन्छन् । अर्को मनोनयन पद्धति; जसमा राष्ट्रप्रमुखद्वारा सरकारको सिफारिसमा मनोनित गरिन्छ । तेस्रो, समानुपातिक पद्धतिद्वारा चयन हुन्छ । समानुपातिक पद्धतिको विकास १९ औँ शताब्दीदेखि सुरु भएको हो ।

यो पद्धतिमा सबै वर्ग र समुदायको प्रतिनिधित्व हुन्छ । सन् १८४८ मा स्विट्जरल्यान्डबाट यसको सुरुवात भएको हो । त्यसपछि अरू देशले पनि यो पद्धति अपनाए । समानुपातिक प्रतिनिधित्व पद्धति अन्तर्गत दुई वटा प्रणालीको विकास भएको छ । एउटा एकल सङ्क्रमणीय मत प्रणाली र अर्को सूची प्रणाली । यी दुवै पद्धतिको मुख्य उद्देश्य सबै वर्ग र समुदायको अधिकतम प्रतिनिधित्व गराउनु हो तर समानुपातिक प्रतिनिधित्व पद्धति सबै अवस्थामा सफल र उपयोगी हुन सक्दैन । यो पद्धतिको सफलता र असफलता निर्वाचन क्षेत्र निर्धारण पद्धति र निर्वाचन पद्धतिमा निर्भर गर्छ ।

निर्वाचन क्षेत्र निर्धारण गर्ने विधिलाई प्रचलनको हिसाबले दुई भागमा विभाजन गर्न सकिन्छ । एउटा एकल सदस्यीय निर्वाचन क्षेत्र विधि र अर्को बहुसदस्यीय निर्वाचन क्षेत्र विधि । पहिलो विधि अन्तर्गत राज्यलाई क्षेत्र, जनसंख्या, वर्ग र समुदाय आदिको आधारमा विभिन्न निर्वाचन क्षेत्रमा विभाजन गरिन्छ र प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना प्रतिनिधि छानिन्छ ।

दोस्रो विधिमा सिङ्गो राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ । मतदाताले विभिन्न राजनीतिक दल, वर्ग, समुदाय आदिको सूचीमा मत दिन्छन् । यो विधि अन्तर्गत एक जना मतदाताले एकभन्दा बढी मत दिन पनि पाउँछ । यो विधिमा बहुसङ्ख्यक अल्पसंख्यक सबैको समानुपातिक रूपमा प्रतिनिधित्व हुन सक्दछ भन्ने मान्यता राखिन्छ । समानुपातिक प्रतिनिधित्व पद्धतिका लागि उपयुक्त विधि पनि यसैलाई मानिन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीले एक सदस्यीय निर्वाचन क्षेत्र विधिमा राम्रो कार्य गर्न नसक्ने हुँदा यसका लागि बहुसूचित प्रणाली नै उपयुक्त हुने विज्ञहरूको मत छ ।

सूचीमा आधारित समानुपातिक निर्वाचन गर्दा विशेष ध्यान दिनुपर्ने हुन्छ । जस्तै : निर्वाचित हुनका लागि दलले ल्याउनुपर्ने न्यूनतम मत प्रतिशतको सीमा (थ्रेस होल्ड) कति हुने ? अहिलेको विधान अनुसार कम्तीमा ३ प्रतिशत थ्रेसहोल्ड पार गर्न सक्ने दलले त्यही अनुसार समानुपातिक संख्या पाउँछ । उम्मेदवारको सूचीबन्दका बारेमा पनि विधि अपनाइएको छ । बन्दसूची भनेको दलले चुनावपहिले नै उम्मेदवारको सूची प्रकाशित गर्नुपर्ने र त्यसमा पछि थपघट गर्न नपाइने व्यवस्था हो । अर्को खुला सूची पनि छ, जस अनुसार दलहरूले चुनावपछि आफूले पाएको मत प्रतिशतको अनुपातमा निर्वाचित हुने आफ्ना उम्मेदवारको नाम तोक्न पाउने व्यवस्था छ तर नेपालमा बन्दसूचीकै विधि अनुसार समानुपातिक छान्ने गरिन्छ ।

समानुपातिक पद्धतिको राजनीतिक दलहरूले दुरुपयोग गरिरहेका छन् । कुन वर्ग, जाति र समूहलाई समानुपातिकमा प्राथमिकता दिनुपर्ने हो, त्यसको कुनै वास्ता नगरी बन्दसूची तयार गरिन्छ । जस्तो कि महिला उम्मेदवार कम्तीमा साक्षर, शिक्षित तथा राजनीतिक चेतना भएको हुनु पर्छ । महिलाको नाममा ३३ प्रतिशत कोटा पुर्‍याएर मात्र हुँदैन । कतिपय दलले समानुपातिक सांसद बनाउँदा समानुपातिक विधि र पद्धतिकै बदनाम भएको छ । पार्टीमा पनि अल्पसंख्यक, दलित तथा कुनै अवसर नपाएका पीडित कार्यकर्तालाई प्राथमिकता दिइनु पर्छ तर त्यसको विपरीत आफ्ना पारिवारिक सदस्यलाई प्राथमिकता दिई यसको उद्देश्यलाई हास्यास्पद बनाइएको छ ।

समानुपातिक पद्धति जुन वर्ग, समूह र सीमान्तकृत नागरिकका लागि आएको हो, त्यही समूहले पाउनु पर्छ । यसरी समानुपातिक पद्धतिको सधैँ दुरुपयोग गर्दै जाने हो भने भोलि जनताको आक्रोशको सामना गर्नुपर्ने दिन नआउला भन्न सकिन्न । समानुपातिक निर्वाचन पद्धति लागु गर्नुभन्दाअघि राज्यले नेपालका सबै क्षेत्र, समूह, वर्ग र जातजातिको समाजशास्त्रीय अध्ययन गर्नु पर्दथ्यो तर त्यसो नगरी हचुवाको भरमा यो पद्धति लागु भयो । यसबाट गरिब, दुःखी र पीडित वर्ग वञ्चित भए । सम्पन्न, टाठाबाठा र नेतृत्वसम्म पहुँच हुनेले यो पद्धतिबाट लाभ लिए ।

जीवनमा कहिल्यै पनि अवसर नपाएका तथा महँगो र खर्चिलो चुनाव लड्न नसकेका बौद्धिक वर्गलाई पनि प्राथमिकता दिनु पर्छ । राजनीतिक पार्टीका नेतासँग पहुँच हुनेले मात्र पाउने हो भने यसको के औचित्य हुन्छ ? राजनीतिमा पटक पटक सांसद, मन्त्री र उच्च राजनीतिक पद प्राप्त गरिसकेका व्यक्तिलाई समानुपातिक विधिद्वारा सांसद बनाई आफू सुरक्षित र शक्तिसम्पन्न हुन खोज्नु योभन्दा लज्जास्पद अर्को कुरा के हुन सक्छ ? नेतृत्ववर्गले समानुपातिक अवसरबाट वञ्चितहरूका लागि हो भनी भाषण गर्दैमा यसको मर्म र उद्देश्य प्राप्त हुन सक्दैन । त्यसैले यो पद्धति लागु गर्न इमानदार र निष्पक्ष भएर लाग्नु पर्छ ।

हाल देखिएको विकृति हटाई लक्षित वर्गका लागि उपयोग गरिए मात्र यसको उपादेयता प्रमाणित हुन्छ । तराई क्षेत्रमा समानुपातिकबाट हुनेखानेहरूले नै फाइदा उठाउँदै आएका छन् । यहाँका दलित, अल्पसंख्यक, सीमान्तकृत यो सुविधाबाट वञ्चित हुँदै आएका छन् । यहाँका राजनीतिक पार्टीले पनि आआफ्ना पार्टीमा दलित, सीमान्तकृतलाई समावेश गरेका छैनन् । नेतृत्व तहमा पुग्नु त दिवा स्वप्न जस्तै भएको छ । मधेशवादी दलको संरचना नै असमावेशी छ । तल्लो वर्गलाई समिटिनुपर्ने आवश्यकता महसुस गरिएको छैन । फेरि समानुपातिक पद्धतिबाट छानिने प्रक्रिया पनि अवैज्ञानिक र असमावेशी छ ।

प्रतिनिधि सभामा २७५ जना सांसद हुन्छन् । त्यसमध्ये ११० जना अर्थात् ४० प्रतिशत समानुपातिकतर्फ राखिएको छ । दलका नेताले बन्दसूचीको आधारमा गोप्य सूची निर्वाचन आयोगमा चुनावअघि नै बुझाउनु पर्छ । समानुपातिक उम्मेदवार छान्ने प्रतिशत पनि अमिल्दो छ । जस्तो कि निर्वाचन आयोगले यसरी छुट्याएको छ :

जनजातिबाट २.७ प्रतिशत, खसआर्यबाट ३१.२ प्रतिशत, थारूबाट ६.६ प्रतिशत, दलितबाट १३.८ प्रतिशत, मधेशीबाट १५.३ प्रतिशत, मुस्लिमबाट ४.४ प्रतिशत र पिछडिएको क्षेत्रबाट ४.३ प्रतिशतको सूची निर्धारण गरिएको छ । जनजातिबाट २८.७ प्रतिशत राखिएको छ तर कुन कुन जातिलाई जनजाति मानिएको हो, त्यो स्पष्ट छैन । जनजाति पहाडमा मात्र होइन, तराईमा पनि छन् । त्यसलाई छुट्याइएको छैन । तराईका जनजातिलाई मधेशी कोटामै राखिएको छ । त्यस्तै खसआर्यमा बाह्मण, क्षेत्री, दशनामी पर्छन् । खसआर्यले ३१.२ प्रतिशत समानुपातिक सिट पाएको छ ।

दलितबाट १३.८ प्रतिशत भनेको छ । दलित भन्नाले पहाडका कामी, दमाई, सार्कीलाई मात्र बुझिन्छ । तराईका मुसहर, चमार, दुसाध, डोमहरूलाई दलितमा गनिँदैन । तिनीहरूलाई मधेशी कोटामा राखी शोषण गरिएको छ । उता मधेशीबाट १५.३ प्रतिशत मात्र समानुपातिकमा लिइने भनिएको छ, जुन अवैज्ञानिक मात्र होइन, अत्यन्त पक्षपातपूर्ण हो । मधेशीमा कुन कुन जाति पर्छन्, त्यसको सूची तयार गरिएको छैन । मधेशी शब्दको संविधानमा न परिभाषा गरिएको छ न व्याख्या गरिएको छ । मधेशीमा ब्राह्मण, क्षत्री (राजपूत), देव, कायस्थ, भूमिहार जस्ता तागाधारी जाति पनि पर्छन् । मुसहर, चमार, दुसाध, डोम जस्ता दलित जातिहरू पनि पर्छन् ।

सम्पन्न, शिक्षित र चतुर मधेशीले समानुपातिक कोटामा सजिलै मौका पाउँछन् भने मधेशका दलितले मौका पाउँदैनन् । अहिलेसम्म मधेशका दलितले समानुपातिकमा मौका पाएका छैनन् । त्यस्तै मुस्लिमबाट ४.४ प्रतिशत भनिएको छ । मुस्लिम मधेशमा पनि छन्, पहाडमा पनि छन् । कहाँको मुस्लिमलाई प्राथमिकता दिइने प्रस्ट छैन । पिछिडिएका क्षेत्रको स्थान किटिएको छैन । कुन र कस्तो क्षेत्रलाई कुन आधारमा आर्थिक, सामाजिक रूपमा परिभाषित गरिएको छैन । यसरी अवैज्ञानिक, अपरिभाषित र पक्षपातपूर्ण समानुपातिक प्रणालीमा सुधारको अत्यन्त आवश्यकता छ । यसतर्फ सम्बन्धित सबै निकायको ध्यान जान आवश्यक छ ।

# शैक्षिक सुधारमा पाँच 'स'



• इन्द्रकुमार श्रेष्ठ




शैक्षिक क्षेत्र सुधारका लागि धेरै बजेट खर्च भइसक्यो । नयाँ नयाँ ऐननियम बने र बन्ने प्रक्रिया पनि छ तर यसको सुधार हुन सकेको छैन । त्यसैले यो क्षेत्रलाई सुधार्न पाँच 'स' को सूत्र यहाँ प्रस्तुत गरिएको छ ।

सरकारी विद्यालयमा पढाउनैपर्ने : सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर घटेको भन्ने विषयमा धेरै टीकाटिप्पणी भएका छन् । यस्तो हुनुका मुख्य कारण शिक्षक, कर्मचारी तथा नेतागणले नै आफ्ना सन्तानलाई निजी विद्यालयमा पढाउनु पनि हो । यही कुरालाई हृदयङ्गम गरी तिनका सन्तानलाई सरकारी विद्यालयमा पढाउनुपर्ने भन्ने कुरा उठेको धेरै भइसक्यो । सानाको हकमा भए तुरुन्तै कार्यान्वयन हुने यो कुरामा ठुलाको सम्बन्ध भएर होला लागु हुन सकेको छैन । निश्चित सर्त र समयसीमा तोकेर शिक्षक, कर्मचारी र नेताका छोराछोरी अनिवार्य रूपमा सरकारी विद्यालयमा पढाउनुपर्ने नियमलाई कडाइका साथ कार्यान्वयन गरिए शैक्षिक सुधारको क्रम सुरु भएको मानिने थियो ।

शिक्षकको नियमित सरुवा : "...निजामती कर्मचारीलाई देशको भौगोलिक क्षेत्रको अनुभवसमेत दिलाउनका लागि ..." भन्दै निजामती कर्मचारीको सरुवा दुई दुई वर्षमा गराउने व्यवस्था निजामती नियमावलीमै छ । अवकाशप्राप्त भइसक्दासम्म उनीहरू धेरै जिल्ला घुमिसकेका हुन्छन् । यसले उनीहरूलाई आफ्नो देश चिनाउँछ । व्यावहारिक ज्ञान दिलाउँछ । शिक्षकका हकमा भने सरुवा व्यवस्थित र सहज छैन । झन् जिल्लान्तर सरुवा अति नै गाह्रो छ । यसका लागि विद्यालय, स्थानीय निकाय, एकाइ सबैको सहमति हुनु पर्छ । यस क्रममा पार्टीगत चिनारीले विशेष प्रभाव पार्छ । भन्ने बेलामा चाहिँ शिक्षालाई राजनीतिबाट टाढा राख्नु पर्छ भनिन्छ ।

विद्यार्थीलाई सिकाउनु/बताउनुपर्ने भएको हुँदा, शिक्षक हरेक कुरामा अपडेट हुनु पर्छ । पढेको भन्दा भोगेको र देखेको कुरा प्रभावकारी हुन्छ । एउटै विद्यालयमा बस्ने शिक्षकलाई हाम्रो देशका समस्या, समाज, भूगोल र संस्कृतिबारे प्रत्यक्ष थाहा हुँदैन । धेरैतिर घुमेको र केही दुःख पाएको मानिस मात्र सहनशील, मानवीय र सहयोगी भावनाका हुन्छन् । शिक्षकमा यस्ता गुणको पनि नितान्त आवश्यक छ ।

श्रमको अनिवार्य व्यवस्था : हाम्रो देशमा शिक्षा र श्रम अलग्गिएका छन् । पढेकाले काम गर्नु हुँदैन भन्ने भावना पैदा भएको छ । शिक्षा भन्नासाथ बन्द कोठा र सैद्धान्तिक कुरामा मात्र सीमित भएको देखिन्छ । सहरका क्याम्पसमा 'ग्रामीण विकास' पढाइ हुन्छ । होटलमा बसेर योजना बनाइन्छ । पढाइको तह बढ्दै जाँदा गाउँबाट सहर र सहरबाट विदेश जाने क्रम बढेको छ । काम भनेपछि कार्यालय र कम्प्युटर बुझिन्छ । माटोमा उब्जेका कुरा खाएर बाँच्नुपर्ने हामीलाई शिक्षाले माटोबाटै अलग्याएको छ । शिक्षालाई श्रमसँग, श्रमलाई सिपसँग, सिपलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोड्ने कुरा उठे पनि, यस प्रक्रियाको पहिलो कदम श्रम नै रोकिएपछि शिक्षाले प्रभावकारी गति लिने कुरै आएन । त्यसैले शिक्षण सिकाइ प्रक्रियालाई अनिवार्य रूपमा कृषिसँग जोड्नु पर्छ ।

सेवा सुविधा : शिक्षक अन्य कर्मचारी जसरी कुर्सीमा बसेर काम गर्न पाउँदैनन् तर सेवा सुविधाचाहिँ अन्य कर्मचारीको तुलनामा तिनैलाई कम छ । कतिपय कर्मचारीले नोकरीको केही वर्षमै अकुत सम्पत्ति कमाएका देखिन्छन् । यही कारणले गर्दा पनि शिक्षितको पहिलो रोजाइ शिक्षण सेवा बन्न सकेको छैन । यस्तो भएपछि शैक्षिक गुणस्तरमा पनि प्रभाव पर्ने नै भयो । शिक्षकले अकुत सम्पत्ति कमाउनु परेको छैन तर श्रम गरे अनुसारको, परिवार चलाउन र सहज जीवन निर्वाह गर्न सक्ने खालको सेवा सुविधा दिइनु पर्छ ।

शैक्षिक सुशासन : कुनै पनि विद्यालयमा सुशासन चाहिन्छ । सुशासनभित्र धेरै कुरा पर्छन् । शिक्षकप्रति गरिने समान व्यवहारले उनीहरूमा उत्साह र मनोबल बढाउँछ । आर्थिक पारदर्शिताले संस्थाप्रतिको सम्मान भाव दर्शाउँछ । शिक्षा ऐन तथा नियमावलीको पालनाले आत्मगौरव बढाउँछ । 'पुरस्कार र दण्ड'को व्यवस्थाले कानुनीराजको अनुभूति दिलाउँछ तर पछिल्लो सयमा स्थानीय सरकारमा राजनीतिक पार्टी हाबी भएपछि, कतिपय विद्यालयको शैक्षिक अवस्था चित्तबुझ्दो छैन । त्यस्तो अवस्थाले उत्पन्न गराएको भुसको आगोले शिक्षकहरूमा हतोत्साह र नैराश्य सल्कायो भने त्यसको असर राम्रो नहुन पनि सक्छ ।

# सहकारीको सुरक्षामा सर्वपक्षीय पहल र प्रयत्न आवश्यक



• गोपाल काफ्ले

बैंक तथा वित्तीय संस्थाको भरपर्दो उपस्थिति नभएको ५० को दशकमा नेपालका ग्रामीण भूगोल तथा विपन्न समुदायको हातमा नगद पुर्याउने माध्यम बनेको सहकारी अभियान ८० को दशकमा सुरक्षा खतरा ब्यहोरिरहेको छ । वित्तीय सचेतनाका साथै धेरै निरक्षर महिलालाई साक्षर बनाउने अनि सशक्तिकरणको माध्यम बनेको लघुवित्त र सहकारीप्रति अनर्गल प्रचार गरेर रमाउनेहरु र उनीहरुको उक्साहटमा लाग्नेहरुबाट अभियानले 'थ्रेट' महसुस गरिरहेको हो ।

सहकारी आफैंमा एउटा 'मिनी स्टेट' हो । यसको आफ्नै विधान हुन्छ र स्वनियमनमा चल्नुपर्छ । सहकारी संस्थामा सदस्यहरु सर्वशक्तिमान हुन्छन् । सबै आन्तरिक अप्ठ्याराहरुलाई साधारण सभाबाट किनारा लगाउन सहकारीहरु सक्षम छन् । तर बाह्य खतराहरु अभियानको स्थायित्व र विश्वसनियता माथि नै प्रश्न चिह्न उठाएर हलचल गरिरहेको वर्तमान यथार्थ हो ।

संविधान सभाबाट पारित गरेर २०७२ साल असोजमा जारी गरिएको नेपालको संविधानले सहकारीलाई नेपालको अर्थतन्त्रमा एउटा खम्बा स्वीकार गरेको छ । यसबाट सबल अर्थतन्त्रको निर्माण र राष्ट्रिय समृद्धिका निम्ति सहकारीको राष्ट्रिय महत्व र आवश्यकता पुष्टि हुन्छ । सरकार, निजी क्षेत्र र सहकारी यी तीन पक्षहरु अर्थतन्त्रका खम्बाहरु हुन् भन्ने संविधान कै मातहत बनेका ऐन नियमहरु चाहिँ सहकारीको सुरक्षामा खासै बोलेको पाइन्न ।

तीनै तहका सरकारले सहकारी ऐन र नियमावली बनाएर कार्यान्वयनमा ल्याएका छन् । संघीय सरकार, सातवटा प्रदेश सरकार र ७५३ वटा पालिका सरकार गरी ७६१ वटा सहकारी ऐन एवम् नियमावली बनेका छन् वा बनाउने क्रममा छन् । तर तिनीहरु सुरक्षाको सवालमा भन्दा पनि सहकारीको कारोबार र व्यवसायमा केन्द्रित भएको पाइन्छ ।

नेपालको सिंगो अर्थतन्त्रमा सहकारीको योगदान २० प्रतिशतभन्दा बढी र कूल ग्राहस्र्थ उत्पादनमा सहकारी अभियानले ३ प्रतिशत हाराहारी योगदान गरिरहेको अनुमान गरिन्छ । सहकारी संस्थाहरुले समाज रुपान्तरणमा गरिरहेको योगदान तथा ग्रामीण भूगोल र विपन्न समुदायको हातमा नगद पुर्याउन खेलिरहेको भूमिका समेतलाई ध्यान दिएर अन्तरिम संविधान २०६३ मा नै यसलाई प्रस्तावनामा समेटिएको थियो ।

'निजी क्षेत्रको लगानीको सबैजसो क्षेत्रहरूमा प्रतिस्पर्धात्मक ढङ्गले व्यवसाय गर्न सहकारीलाई अघि सार्ने हो भने आर्थिक विकासमा सहकारीले कम्तीमा पनि कूल ग्राहस्र्थ उत्पादनमा ६ प्रतिशत माथिको योगदान छोटो समयभित्र दिन सक्दछ । विश्वका कतिपय देशहरूमा सहकारी क्षेत्रले कूल ग्राहस्र्थ उत्पादनमा ६ प्रतिशतदेखि ३० प्रतिशतसम्म योगदान पुऱ्याएको तथ्यहरू उपलब्ध छ ।' (सुदर्शनप्रसाद ढकाल, सहकारी संवाद पृष्ठ ७, मंसीर २०७९)

**'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति'को धारणा**

सरकारद्वारा गठित काशीराज दाहाल नेतृत्वको 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति'को कार्यालयले प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्रकृति स्रोत समितिमा गरेको बिफ्रिङमा देशभरका १५ वटा सहकारीहरुलाई समस्याग्रस्त घोषित गरिएको छ । ती संस्थाका २८ हजार १०८ जना सदस्यहरुले पेश गरेको विवरण अनुसार १२ अर्ब ९९ करोड ६४ लाख रुपैयाँ बराबरको बचत अपचलन भएको समितिले बताएको हो ।

सोमध्ये केही बचतकर्ताहरूको बचत फिर्ता गराइसकिएको र कतिपय समस्या समाधानका लागि विभाग, मन्त्रालय र सम्बन्धित प्रदेश तथा स्थानीय तह र केही मुद्दा सीआईबीमा समेत पठाइएको अध्यक्ष काशीराज दाहालले प्रतिनिधि सभाको सो समिति समक्ष बताएको हो ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले पनि सहकारीको सुरक्षा सवालमा मुलतः सदस्यको निक्षेप र बचतको सुरक्षालाई ध्यान दिइनुपर्ने निश्कर्ष निकालेको छ । वित्तीय कारोबार गर्ने संस्थाहरुले बचतकर्ता सदस्यहरुको आर्थिक सुरक्षालाई ध्यान नदिँदा सिंगो सहकारी अभियान माथि नै कलंक लाग्दै आएको यथार्थ हो । समितिको प्रतिवेदनले पनि देशका ठूला १५ वटा संस्थालाई मात्र गम्भीर मोडमा पुगेको बताएर अन्यलाई सुधार गर्न सकिने संकेत गरेको पाइन्छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष दाहालले गलत नियत राखेर नै खुलेका केही सहकारीबाट वित्तीय जोखिम बढेको बताएका छन् । पूर्वको झापामा दर्ता भएको कुनै सहकारीले बैंकिङ कारोबार गर्ने र मनग्य आम्दानी गर्ने अभिलासाले पश्चिम कञ्चनपुरसम्म शाखा खोलेर बैंकले जस्तै वित्तीय कारोबार गर्दा जोखिम बढेको अध्यक्ष दाहालको विश्लेषण छ ।

'केही सहकारीहरूको नियतमा नै खोट देखिन्छ । सहकारीको मूल्य, मान्यता र सिद्धान्तलाई कुनै पनि मानेमा अंगिकार गरेको देखिँदैन । संस्थाको लेखा परीक्षण चुस्तदुरुस्त नराख्ने, सञ्चालकहरू आफूखुसी चल्ने र कर्जासमेत मनलाग्दी क्षेत्रमा हाल्ने गरेको भेटियो' समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष दाहालले भने, ' यतिसम्म कि नक्कली ऋणी बनाएर नक्कली धितोमा समेत करोडौंको कर्जा लगानी गरेको भेटियो ।'

सदस्यको बचत हिनामिना गर्ने सहकारीका सञ्चालक र कर्मचारीहरु नै हुन् भन्नेमा समस्याग्रस्त सहकारी व्यवस्थापन समिति प्रष्ट रहेको देखिन्छ । यसरी रकम अपचलन गर्नेहरु कतिपय देशभित्रै पलायन भएका छन् त कतिपय विदेश भासिएको अध्यक्ष दाहालको भनाई छ ।

यसरी बुझ्दा सहकारीमा बचतको सुरक्षा खतरा आन्तरिक पनि उत्तिकै रहेको प्रष्ट हुन्छ ।

खासगरी यस क्षेत्रमा रहेको सङ्कलित पुँजीको सही उपयोग हुन नसकेको, पुँजीको प्रयोगका निम्ति सरकारले स्पष्ट दृष्टिकोण दिन नसकेको र स्वयं सहकारीहरूले कार्यक्षेत्रको प्राथमिकता निर्धारण नगरी लगानी गरेकोजस्ता विषयमा गम्भीर प्रश्न उठ्ने गरेका छन् ।

तर आजको अवस्था सदस्यको बचतको मात्र नभई सिंगो सहकारी संस्था र अभियानको सुरक्षामा नै खतरा बन्दै गइरहेको छ । बैंक तथा वित्तीय संस्थाहरुबाट अर्बौं रुपैयाँ ऋण लिएर आफ्नो व्यवसाय गरिरहेका व्यक्तिले अगुवाई गरेको अभियान (?) सहकारी र लघुवित्तबाट लिएको २० लाख रुपैयाँसम्म कर्जा तिर्नु पर्दैन भन्ने अभिव्यक्ति सहकारीको सुरक्षाका सम्बन्धमा अझ गम्भीर बन्न बाध्य बनाएको छ ।

अभियानको सुरक्षाका लागि प्रशासनसँग गुहार माग्दा वास्ता नगर्नु तर दिनहुँजसो सहकारीका कर्मचारी, उनीहरुले संकलन गरेको बचत रकम एवम् संस्थाको भौतिक सम्पत्ती माथि क्षति गर्ने क्रम निरन्तर जारी छ । कोशी प्रदेश सहकारी रजिष्ट्रार कार्यालय इनरुवाले जिल्ला प्रशासन कार्यालय झापाको समन्वयमा भद्रपुरमा २०८० फागुन १७ गते आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले देखाएको व्यवहारले पनि सुरक्षा निकायको बेवास्ता प्रष्ट्याएको थियो ।

गृह मन्त्रालयको तदारुकता :

संघीय सरकारको गृह मन्त्रालयले एकवर्ष पहिले २०७९ फागुन १९ गते 'वित्तीय संस्था र सहकारीको सुरक्षामा विशेष सतर्कता अपनाउन देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको थियो । सरकारले देशभरका बैंक, लघुवित्त र सहकारी संस्थाको सुरक्षामा विशेष प्रबन्ध मिलाउन जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालय मातहतका सुरक्षा निकायहरुलाई परिपत्र गरेको यहाँनेर स्मरण गर्नु सान्दर्भिक हुनेछ ।

बैंकिङ कसुर, ठगी, खराब ऋणमा संलग्नले आफूले लिएको कर्जा तिर्नुको साटो उल्टै वित्तीय संस्थालाई नै धम्क्याएका घटना बाहिरिएपछि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरी प्रधान कार्यालयलाई परिपत्र गरेर आपराधिक गतिविधि रोक्न निर्देशन दिएको थियो । यसैलाई स्मरण गरेर झापा जिल्ला सहकारी संघले भद्रपुरमा आयोजना गरेको कार्यक्रममा प्रजिअ बाँस्तोला संक्षिप्त कुरा राखेर कार्यक्रम नै छाडेर बाहिरिएका थिए ।



गृह मन्त्रालयका तत्कालीन प्रवक्ता जितेन्द्र बस्नेतले जिल्ला प्रशासन र नेपाल प्रहरीलाई यस सम्बन्धी विषय समेटेर परिपत्र गरिएको बताएका थिए । 'बैंक र वित्तीय संस्था तथा सहकारी संस्था लक्षित गरेर उच्श‍ृङ्खल, अराजक र अवाञ्छित गतिविधि हुनसक्छ, त्यसप्रति सजग रहन र कसैले कानुन हातमा लिएको छ भने कारबाही गर्न निर्देशन दिइएको छ । अवाञ्छित गतिविधि गर्न कै लागि घुसपैठ हुनसक्ने प्रति पनि उच्च सतर्कता अपनाउन भनेका छौं' बस्नेतले जनाएका थिए ।

सहकारी संघ-संस्थाद्वारा सञ्चालन गरिएका सहकारी व्यवसायको सुरक्षामाथि पनि धेरै अप्ठ्याराहरु थपिएका छन् । संस्थाको सदस्य बनेपछि मात्रै प्रवाह गरिने ऋण (कर्जा)को सावाँ ब्याज भुक्तानी नपाउँदा सहकारीमा बचत तथा ऋणको ब्यवसायमा जोखिम बढेको हो । सहकारी मार्फत सदस्यहरु माझ नै गरिएको ऋण लगानीको समेत सुरक्षा हुन सकिरहेको छैन ।

आर्थिक मन्दीका कारण व्यवसाय राम्ररी नचलेको कारण देखाउँदै ऋणि सदस्यहरुले साँवा ब्याज नतिर्दा आर्थिक वर्ष २०७९/०८० को असार मसान्तमा धेरै सहकारी संस्थाको आम्दानी न्यून भएको थियो । यस्ता घटनाले सदस्यहरु आफ्नै संस्थाप्रति जिम्मेवार नभएको पनि आभाष दिलाउँछ । संस्थाहरुले कर्जाको सुरक्षाका लागि धितोमा राखेको अचल सम्पत्तीहरु बेचविखन गरी ऋण चुक्ता गर्नसक्ने अवस्था रहे तापनि आर्थिक मन्दीले सो कारोबार ठप्प हुँदा किंकर्तब्यविमुढको अवस्थामा छन् ।

**नियमनकारी संयन्त्रको उपस्थिति खोई ?**

संघीय सरकारको भूमि व्यवस्था, गरिबी तथा सहकारी मन्त्रालयको समन्वयमा सहकारी विभागको निर्देशनमा सहकारीको सुरक्षा निर्भर गर्दछ । सहकारी प्रशासनको उच्च तहबाट हुने नियमनले यसको सुरक्षा प्रत्याभूत हुने विश्वास गर्न सकिन्छ । सहकारी विभागको पछिल्लो तथ्याङ्क अनुसार ३० हजार हाराहारी सहकारी संस्था भएको देशमा ० दशमलव ५ प्रतिशत अर्थात १४५ वटा संस्थामात्र सहकारी संघीय विभाग अन्तर्गत रहेको देखिन्छ । बाँकी ९९ दशमलव ५ प्रतिशत सहकारीको क्षेत्रा धिकार संविधानले प्रदेश र स्थानीय तहमा पठाएकाले विभागले काम गर्न नसकेको अवस्था हो ।

प्रदेशस्थित रजिष्ट्रार कार्यालयले १९ दशमलव ५ प्रतिशत सहकारीको नियमन गर्ने क्षेत्राधिकार राख्दछन् भने बाँकी ८० प्रतिशत स्थानीय तह अन्तर्गत रहेकाले विभाग एक्लैले नियमन तथा व्यवस्थापन गर्न नसक्ने अधिकारीहरुको जिकिर छ । कतिपय संघीय ऐन बाझिने हुँदा अन्तरप्रदेश तथा सरकारी निकायहरू बीच काम कारबाहीमा समस्या आइरहेको संघीय सहकारी विभागका अधिकारीहरु बताउँछन् ।

सहकारी संस्थाको नियमनका लागि प्रशासनिक काम गर्ने निकायहरु मध्ये ८० प्रतिशत स्थानीय सरकारको काँधमा रहेको तर त्यहाँ सहकारी नियमनका लागि दक्ष कर्मचारी नहुँदा पनि समस्या भइरहेको छ । सुरक्षाका दृष्टिले नियमनकारी निकायको निरन्तर अनुगमन, सुझाव तथा नियन्त्रण हुँदामात्र सफलताउन्मुख हुने कुरा पनि निर्विवादजस्तै हो । यसैले सहकारी अभियान सफल एवम् सुरक्षित बनाउन प्रशासनिक निकाय पनि सबल हुन आवश्यक देखिन्छ । यद्यपी सहकारी संस्थाहरु स्वनियमनकारी भएकाले यसको नियन्त्रण बाह्य पक्षले गर्न हुँदैन भनी ब्याख्या गरिए पनि राज्यको उपस्थितिले बचतकर्ताको निक्षेप सुरक्षामा बल पुग्नेमा दुविधा छैन ।

**प्रविधिको उपयोग कि दुरुपयोग ?**

अत्याधुनिक प्रविधि सहकारी सुरक्षाको अर्को मानक बन्दै विकसित भएको छ । सहकारीमा वित्तीय कारोबार गर्ने सदस्यहरुको आर्थिक सुरक्षामा प्रविधिले पनि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । केही पछि अघिसम्म सबै कारोबारको विवरण लेजरमा म्यानुअल राख्ने गरिन्थ्यो । यसले काममा अत्यन्तै ढिलो हुने गर्थ्यो । तर पछिल्लो समय सहकारी संस्थाहरुले पनि कम्प्युटर सफ्टवेयर मार्फत् एकै क्लिकमा उक्त दिनसम्मको कारोबार विवरण हेर्न मिल्ने भएको छ । यसले संस्थाको हरहिसाब पारदर्शिताका लागि महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ ।

यसरी नै सदस्य स्वयम्को संस्थासँगको कारोबार हेर्न मोवाइल बैंकिङ सुविधा भित्राएका छन् । मोवाइल बैंकिङ सेवा लिएका सदस्यहरुले आफ्नो बचत विवरणहरु हेर्न एवम् बैकिङ कारोबारहरु गर्न मिल्ने भएकाले प्रविधिले पनि सुरक्षा प्रदान गरिरहेको छ । आफ्नो बचत खाताबाट चेक काटेर रकम झिकेमा पनि जानकारी आउने, राखेमा पनि जानकारी आउने, आफूले थाहा नपाई कुनै विधिबाट कसैले रकम झिक्यो भने तत्कालै थाहा पाएर संस्थालाई खबर गर्न मिल्ने यो विधिले बचतको सुरक्षामा बल प्रदान गरेको छ ।

तर यही प्रविधिको दुरुपयोग गरेर वा छिद्रहरु पहिल्याएर यसका जानकारहरुले सदस्यको रकम वा संस्थाकै आम्दानी पनि अपचलन गरेको थुप्रै उदाहरण हामीसँग छन् । प्रविधि जान्ने कर्मचारीबीच पनि क्रस चेकिङको निरन्तर व्यवस्था नहुने हो भने सुरक्षाको सवालमा यो अझ भयानक त्रासदीपूर्ण छ । प्रविधि उपयोग गर्नै नजान्नेहरुका बीचमा सिमित ब्यक्तिले यसको उपयोग मात्र गरिरहेका हुँदैनन्, दुरुपयोग गरेर आफू केही समयका लागि धनी बनेका उदाहरण पछि अनुसन्धानबाट खुलेका छन् । यसैले प्रविधि सुरक्षा र असुरक्षा दुवैको संगम भएर विकसित छ ।

**नेकपा (एमाले)को चासो र चिन्ता :**

यसैबीच, सहकारी संघ-संस्थाहरुमा उत्पन्न समस्या एवम् सुरक्षा सवालमा संसदको दोस्रो ठूलो शक्ति नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले सरकारलाई ३९ बुँदे सुझाव दिएको छ । गत फागुन ७ गते पार्टीको सहकारी तथा गरिबी निवारण विभागका प्रमुख खगराज अधिकारीले सहकारीमा देखिएको विद्यमान समस्या समाधान गर्न सरकारलाई ३९ बुँदे सुझाव दिनुभएको हो ।

सहकारी क्षेत्र लगानी, स्वामित्व, संचालन र लाभ सामुहिक ढंगले हासिल हुने हुँदा सामाजिक न्यायसहितको विकासको परिकल्पना गर्दा यस क्षेत्रको भूमिका महत्वपूर्ण हुन्छ । निर्णय प्रकृयामा सदस्यको सहभागिता र नियन्त्रण हुने हुँदा सरकार पक्षको दण्डनीय भन्दा पनि प्रवर्द्धनकारी भूमिकाको अपेक्षा गरिन्छ । तर, कतिपय व्यक्तिहरुको गलत अभ्यासका कारण स्वनियमको आधार कमजोर देखिएको नेकपा एमालेले ठहर गरेको छ । सहकारी क्षेत्रको नियमन संघीय सरकारको एकल अधिकार भए तापनि कार्य जिम्मेवारीमा नियमनको जिम्मेवारी सबै तहमा

❖ बाँकी अन्तिम पृष्ठमा

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd.
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन: धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट: आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह: सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या: रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला: आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक: हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु: आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर: आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ: आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन: आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।